राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १९३ | २०८२ चैत १४ गते शनिवार | (Saturday, 28 March, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

## 'मधेशीया छौरा प्रधानमन्त्री बइनगेलै त सब खुसी है'





संतोष सिंह

*गौशाला, चैत्र १३ गते ।*

राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह प्रधानमन्त्री बनेपछि उनको पुर्ख्यौली गाउँ एकडारा गाउँपालिकाका बासिन्दाले लड्डु बाँडेर खुसी मनाएका छन् ।

शाह प्रधानमन्त्री नियुक्त भएपछि उत्साहित भएका उनीहरुले बधाई तथा शुभकामना दिँदै 'अबकी बार जनताके सरकार' को नारा लगाए । शाहको जन्मथालोमा शुक्रबार दिनभरी स्थानीयले गाउँ भएर जाने यात्रु र सवारी साधनलाई रोकेर लड्डु खुवाएको स्थानीय नवल पासमानले बताए । उनले भने, 'मधेशीया छौरा प्रधानमन्त्री बइनगेलै त सब खुसी है । (मधेशीको छोरा प्रधानमन्त्री बनेकोमा सबै खुसी छौं) ।' स्थानीय युवाहरुले रकम संकलन गरेर बिहानैदेखि लड्डु बनाउन लगाएको र सपथपछि खुसीयालीमा वितरण गरिएको साहले बताए ।

एकडाराका स्थानीय बद्रीनारायण साहले बालेन्द्र प्रधानमन्त्री बनेपछि उत्साहित भएको बताए । 'देशमा बढेको भ्रष्टाचार बालेन्द्रले अन्त गर्ने हाम्रो विश्वास छ, अब नेपालमा काखापाखा हुँदैन भन्ने विश्वास छ,' उनले भने ।

रामनवमीको दिनमा शाह प्रधानमन्त्री बनेको खुसियालीमा साँझ महादेव मन्दिरमा दीप प्रज्वलन गरिएको स्थानीय शंकर पासमानले बताए । स्थानीय विशेश्वर साहले बालेन्द्र प्रधानमन्त्री बनेपछि एकअर्कालाई अबीर लगाउनुको साथै पटका पड्काएर युवाहरुले खुसी साटेको बताए ।

यस्तै, विगतमा बालेनको घरमा मजदुरी गर्ने मरनी देवी महरा पनि अरूझैं अत्यन्त खुसी देखिन्छिन् । 'बड खुसी, बड निक । अतेक खुसी कि कही नै सकैछी । हमसभ भोटो देनेछली, आब प्रधानमन्त्री सेहो भगेलै (धेरै खुसी, धेरै राम्रो । यति खुसी त कहिल्यै लागेको थिएन । हामी सबैले भोट दियौं, प्रधानमन्त्री पनि बनिहाले)' उनले भनिन् । खुसीसँगै अब आफूजस्ता गरिबहरूको जीवनस्तर पनि बालेनले उकास्ने आशा उनको छ ।

एकडारासँगै अन्य क्षेत्रमा पनि स्थानीयले खुसीयाली मनाएका छन् । लामो समयदेखि भ्रष्टाचार, कुशासन र बेरोजगारीजस्ता समस्याले थलिएको मुलुकलाई अब नयाँ दिशामा लैजान सकिने विश्वास बढ्दै गएको स्थानीय युवाहरुले बताएका छन् ।

## यस्तो छ बालेन नेतृत्वमा १५ सदस्यीय मन्त्रिपरिषद्

राष्ट्रिय समाचार समिति

*काठमाडौं, चैत्र १३ गते*

नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा १५ सदस्यीय मन्त्रिपरिषद् गठन भएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रवार नवनियुक्त प्रधानमन्त्री शाहको उपस्थितिमा राष्ट्रपतिको कार्यालयमा आयोजित विशेष समारोहमा नवनियुक्त मन्त्रीहरुलाई पद तथा गोपनीयताको शपथ गराए ।

सो अवसरमा डा. स्वर्णिम वाग्ले अर्थमन्त्री, सुधन गुरूङ गृहमन्त्री, शिशिर खनाल परराष्ट्रमन्त्री, सुनील लम्साल भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकासमन्त्री, विराजभक्त श्रेष्ठ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री, खड्गराज पौडेल संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री, सस्मित पोखरेल शिक्षा, विज्ञान तथा प्रविधि एवं खेलकुदमन्त्री, निशा मेहता स्वास्थ्य तथा जनसंख्या एवं खानेपानीमन्त्री, डा. विक्रम तिमिल्सिना सञ्चार तथा सूचना प्रविधिमन्त्री, प्रतिभा रावल सामान्य प्रशासन तथा भूमि व्यवस्था तथा गरिबी निवारणमन्त्री, सोविता गौतम कानुन, न्याय तथा संसदीय मामिलामन्त्री, गीता




चौधरी कृषि तथा पशुपक्षी एवं वन तथा वातावरणमन्त्री, डा. दीपक साह श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री र सीता वादी महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीको शपथ लिएको थियो ।

यसैगरी, रक्षा र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको जिम्मेवारी भने हाल प्रधानमन्त्री शाहले आफैँ सम्हालेको छ । राष्ट्रपति पौडेलले आजै बिहान शाहलाई नेपालको संविधानको धारा ७६ को उपधारा (१) बमोजिम प्रधानमन्त्री पदमा नियुक्त गरेको थियो ।

समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, निवर्तमान प्रधानमन्त्री सुशीला कार्की, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल उपस्थित रहेका थिए । समारोहमा पूर्वप्रधानमन्त्री, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष, संवैधानिक निकायका प्रमुख, सरकारका विशिष्ठ श्रेणीका अधिकृत, सुरक्षा निकायका प्रमुख, यहाँस्थित विभिन्न कूटनीतिक नियोगका पदाधिकारीलगायत उपस्थित रहेको थियो ।

प्रधानमन्त्रीको शपथ पहिलोपटक वैदिक-सनातन परम्परा झल्किने गरी गरिएको थियो । समारोहमा सात शङ्खबाट शङ्खनादसँगै १०८ जना वटुकले स्वस्ति-शान्ति वाचन र १०८ बौद्ध भिक्षु लामाले शुभ-मङ्गल पाठ गरेका थिए ।

रास्वपा वरिष्ठ नेता शाहलाई बिहीबार सो पार्टीले संसदीय दलका नेतामा सर्वसम्मत चयन गरेको थियो ।



## कविता



# मायाको खत

***

**लेखनाथ श्रेष्ठ**
जनता साहित्यक मञ्च गौरिडाँडा
बर्दिवास, महोत्तरी

तिम्रो मायाले मेरो दिलमा बनाए छ खत
कसरी पो भनौं मैले लाग्यो तिमीलाई भेट्ने लत
तिम्रो सुन्दरतामा हिजो आज म त लट्ठै भाको छु
मधुर तिम्रो बोली सम्झी म भित्रभित्रै रमाएको छु।

के भनौं कसो भनौं भन्ने मलाई भाको छ
केही दिन नदेख्दा यो मन छट्पटाइराको
मनमा डेरा लिएपछि हात कहिल्यै नछोड्नु
बाचा कसम खाएपछि गन्तव्य कहिल्यै नतोड्नु।

आजकाल किनकिन बदलिन्छन् ती कुरा
तिम्रो आँखा काफी नै छ हृदयमा चल्ने छुरा
तिम्रो बानी थाहा पाएँ लुकी हेछ्यौं मलाई
मेरो मुटु जलाउन चाहिन्न तिमीलाई सलाई।

## कविता



# मेरो बाबा

***

**मनिता कुमारी राम**
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

आफू भन्दा प्यारो मेरो बाबा
तिमी नै हौ मेरो जीवनको यात्रा
म छैन अहिले तिम्रो काखमा
तर तिमी नै छौ मेरो साथमा।

त्यतिबेला अघि बढ्ने हिम्मत हुन्छ
जतिबेलासम्म तिम्रो साथ मलाई हुन्छ

हाम्रा लागि जानु भयो विदेश
त्यसैले यहाँ सुनसान छ मेरो देश
बाबाको हाँसो टाढा छ अहिले
यहाँ एक्लो महसुस गरेको छु मैले।

त्यहाँ त गर्मी असाध्यै होला
कामको बोझले भरियो कि झोला?
सन्तानको लागि सधैं खट्ने चोला
साच्चै त्यो मन कति थाक्छ होला?

फोनमा सुनिने मधुरो त्योआवाजले
सधैं भन्छ मेरो बाबालाई यहाँ पठाइदे
बाबा टाढा हुँदा पनि माया नजिक छ
हजुरको सङ्घर्षले मलाई सुनौलो भविष्य दिन्छ।

## गजल



**सुमित्रा आचार्य**
सचिव, सर्लाही साहित्य समाज
सर्लाही

तिमी सधैं जितिरहनु मलाई हार्न मञ्जुर छ।
काँढालाई दिलमा राख्नु मैरै ठुलो कसुर छ।

उस्तै कहाँ हुन सक्छौं?तिमी चन्द्र,म हुँ सूर्य,
तिमीले नजिक मान्ने आकाश मेरा लागि दूर छ।

प्रतिकूल हुँदा मोडियौ,केही गुनासो छैन मेरो,
दिवा हाँस्ने आभा पनि साँझमा निभ्नै आतुर छ।

भन्छौ सधैं यति जोडैं,यति थपैं,यति किनैं माटो,
नढाँटी भन मर्दा साथ लाने माटो कति धुर छ?

उष्णता सही धर्तीले सूर्यलाई घुमेझैं यो दिल,
मृगतृष्णा बोकी तिम्रै समिप घुम्न मजबुर छ।

## कविता



# दाजु र बहिनी

***

**कमल सिलवाल**

सानो हुँदा तिमी मेरो पछिपछि हिँड्थ्यौ,
सानो हातले मेरो औंला समाउँदै भन्थ्यौ–
“दाजु, म हराए भने के गर्छौ ?”
म हाँस्दै भन्थेँ–
“म तिमीलाई कहिल्यै हराउन दिन्न।”

आँगनको त्यो धुलोमा
हामीले कति संसार बनायौं,
राजा र रानी
गुडिया र पुतली
मलाई याद छ, तिमी गर्वले भन्थ्यौ
“मेरो दाजु संसारको सबैभन्दा राम्रो दाजु ।”

समयले कति छिटो बाटो फेर्‍यो...
हिजो सम्म मेरो काँधमा टेकेर
निदाउने,
आज अर्कै घरको आँगनमा
आफ्नो संसार बनाउँदै छौ।

त्यो बिदाइको दिन...
सबै रोइरहेका थिए,
आमा रोइरहेकी थिइन्,
तिमी पनि आँसु रोक्न सकिरहेकी थिइनौ।
तर म...
म त पत्थरझैं चुपचाप उभिएको थिएँ।

किनकि दाजु रोयो भने
बहिनीको हिम्मत टुट्छ भन्ने डर थियो।

तर बहिनी...
तिमी गएको बेलुकी
म खाली कोठामा गएँ,
त्यो सानो ओछ्यान हेरैं,
जहाँ तिमी सुत्ने गर्थ्यौ।

त्यो सिरानी अझै तिम्रो गन्धले भरिएको थियो...
त्यही सिरानी अँगालेर
दाजु पहिलोपटक
बालकझैं रोयो।

आज पनि आँगनमा हावा चल्छ,
तर तिम्रो हाँसो सुन्न पाइँदैन।
आमा कहिलेकाहीं भन्छिन्–
“छोरी त पराइ घरको फूल हो।”

मेरो मन मान्दैन...
किनकि मेरो लागि
तिमी कहिल्यै पराइ भइनौ।

तिमी जहाँ भए पनि
दाजुको मनको एउटा कुनामा
अझै त्यो सानी बहिनी बसिरहेकी छे–
जो राति सुत्नुअघि भन्थी–

“दाजु...
तिमी नजिकै बस न,
तिमी नहुँदा
मलाई असाध्यै डर लाग्छ।”

आज पनि कहिलेकाहीं
म आकाशतिर हेरेर भन्छु,

“बहिनी...
तिमीलाई डर लाग्यो भने
याद गर है,
तिम्रो दाजु
अझै त्यहीं उभिएको छ ।
ठीक त्यसरी नै
जसरी संधै उभिन्थ्यो ।
केही हराए जस्तो
केही गुमाए जस्तो
एउटा आशमा
कुनै दिन
त्यो “सानी“
त्यही अबोध पाराले
बिना हिसाबकिताब
आएर सोध्छे होला
के भयो दाजु भनेर
अनि म संधै झैं
त्यही जवाफ दिनेछु
तंलाई पर्खेको नि ।

## कविता



# एक्लो जीवन

***

**प्रकाश भट्टराई**

हिँड्दाहिँड्दै
बर्ल्याङ्ग ढल्छु जस्तो हुन्छ
सास बढेर
फतक्क गले जस्तो हुन्छ कहिलेकाहीं
परदेखि तिमी नै आए जस्तो देख्छु
खुसी हुँदै आँखा मिची
सकिनसकी उठ्छु
कान मात्र नसुन्ने भएँ जस्तो लाग्थ्यो
आँखा पनि उति नदेख्ने भएछु

औषधि खाए जस्तो लाग्थ्यो
मलाई तिम्रो उपस्थिति
जसरी मधौरोले चिकित्सक भेट्दा
आधा रोग निको भए जस्तो
याद छ मलाई-
तिमी कति धेरै मेरो चिन्ता
अनि कामना गर्थ्यौ
मेरो स्वस्थ जीवनको
तर खै ! हेर त,
तिम्रो कामनाले मात्र
कहाँ हुँदोरहेछ र ?
उच्च रक्तचाप र कोलेस्ट्रोल त छँदै थियो
रगतमा चिनी बढेको पनि थाहै पाइन
मुख सुकिरहन्छ, रिङ्गटा लागिरहन्छ
एक गिलास पानी तिम्रो हातको
खान पाए पनि निको हुन्छ कि जस्तै लाग्छ
भनेको बेलामा एक गिलास पानी
खान पनि गाह्रो हुन्छ
ढाड र कम्मर दुखेर
बसेको ठाउँबाट
जुरुक्क उठ्न पनि सक्दिन
उठे पनि
घुँडा र कुर्कुच्चा दुखेर
पाइला समेत सार्न सक्दिन

एक झोला दबाइ छन्
कुन दबाइ कति बेला खाने पनि
छुट्याउन सक्दिन
कहिले त दवाइ खाएको/नखाएको पनि बिर्सिन्छु

छोराछोरीहरू परदेशबाट
फोन गरिरहन्छन्
र भन्छन्- आमा दबाइ खान नबिर्सिनू है
दबाइ चाहिँ समयमै खानू है
डाक्टरले बोलाएको बेला जानू
पैसा चाहियो भने भन्नू


त्यति सजिलो कहाँ छ र ?
मेरो र समयको गति कहाँ मिल्छ र ?
घर भन्यो, भित्र बाहिर गर्दागर्दै
बित्छ समय
तिमी हुँदा सबै सजिलो लाग्थ्यो
समयलाई पनि जित्छु, लाग्थ्यो
तर जसै नियतिले खेल खेल्यो
त्यसरी नै हराउँदा रहेछन् चाहना पनि
केही पाउनु र केही गुमाउनु नै रहेछ
आखिर जीवन पनि
सम्झिन्छु-
हिजो हामीले गरेका सङ्घर्षका दिनहरू
कति प्रिय थिए
कति मिठा सपनाहरू थिए
धन नभए पनि
तर आज,
धन छ, तिमी छैनौ
तिम्रो साथ छैन
कहिलेकाहीं त लाग्छ-
तिमी कहाँ छौ ?
जहाँ छौ चिर निद्रामा
मलाई पनि लैजाऊ त्यहीं ।

एक्लो जीवन
बाँच्नलाई
साह्रै गाह्रो हुँदोरहेछ सानेका बा ।

**पृष्ठ संयोजन : नारायण घिमिरे** [प्रत्येक शनिवार प्रकाशित हुने साहित्य पृष्ठका लागि कविता, गजल, मुक्तक, लघुकथा लगायतका रचना भए thepublictoday2070@gmail.com मा पठाउन सक्नुहुनेछ ।]

# लोकसेवा परीक्षाको तयारी सामग्री

**धीरेन्द्र कुमार महतो**
प्रस्तुतकर्ता



**१. सन् २०२६ को एएफसी महिला एसियन कप फुटबलको उपाधि कुन देशले जित्यो?**
A) अष्ट्रेलिया
B) जापान
C) चीन
D) दक्षिण कोरिया

**उत्तर : B) जापान**

**एएफसी महिला एसियन कप २०२६**
- ✓ आयोजन मिति: सन् २०२६ मार्च १ देखि २१ सम्म
- ✓ आयोजक राष्ट्र: अष्ट्रेलिया
- ✓ संस्करण: २१औं
- ✓ सहभागी टोली: १२ वटा एसियाली राष्ट्रहरू
- ✓ फाइनल खेल भएको स्थान: स्टेडियम अष्ट्रेलिया, सिड्नी

**प्रतियोगिताको मुख्य नतिजा र उपलब्धिहरू:**
- विजेता: जापान (जापानले आयोजक अष्ट्रेलियालाई १-० को गोल अन्तरले पराजित गर्दै उपाधि हात पारेको हो)
- उप-विजेता: अष्ट्रेलिया
- जापानको रेकर्ड: यो जापानको समग्रमा तेस्रो एएफसी महिला एसियन कप उपाधि हो।
- सर्वोत्कृष्ट खेलाडी (MVP): अलान्ना केनेडी (अष्ट्रेलिया)
- सर्वाधिक गोलकर्ता: रिको उएकी (जापान)

**विश्वकप छनोटको आधार:**
यो प्रतियोगिता सन् २०२७ मा ब्राजिल मा आयोजना हुने 'फिफा महिला विश्वकप' को एसियाली छनोट चरणको रूपमा रहेको थियो। यस प्रतियोगिताको प्रदर्शनका आधारमा एसियाबाट ६ राष्ट्रहरूले सिधै विश्वकपमा स्थान सुरक्षित गरेका छन्:
१. जापान
२. अष्ट्रेलिया
३. चीन
४. उत्तर कोरिया
५. दक्षिण कोरिया
६. फिलिपिन्स

- जापानले यसअघि सन् २०१४ र २०१८ मा लगातार दुई पटक यो उपाधि जितेको थियो।
- सन् २०२६ को यो जितसँगै जापान एसियाली महिला फुटबलमा पुनः शक्ति राष्ट्रको रूपमा स्थापित भएको छ।
- एएफसी महिला एसियन कपको सुरुवात सन् १९७५ बाट भएको हो।

**२. सन् २०२६ को विश्व जल दिवसको नारा के तय गरिएको छ?**
A) Water for Peace
B) Accelerating Change
C) Where water flows, equality grows
D) Valuing Water

**उत्तर : C) Where water flows, equality grows**

**विश्व जल दिवस (World Water Day)**
- मिति: हरेक वर्ष मार्च २२ मा मनाइन्छ ।
- सुरुवात: सन् १९९२ मा ब्राजिलको रियो दि जेनेरियोमा भएको संयुक्त राष्ट्रसंघीय वातावरण र विकास सम्मेलन (UNCED) ले सिफारिस गरेपछि सन् १९९३ देखि यो दिवस मनाउन थालिएको हो।
- उद्देश्य: स्वच्छ पानीको महत्वबारे जनचेतना जगाउनु र दिगो विकास लक्ष्य (SDG) ६ (सफा पानी र सरसफाइ) प्राप्त गर्न सहयोग पुर्‍याउनु।
- सन् २०२६ को मुख्य सन्देश: पानीको पहुँचले कसरी समाजमा समानता र न्याय स्थापना गर्न मद्दत गर्छ भन्ने कुरामा केन्द्रित छ।
- व्यवस्थापन: यो दिवसको संयोजन UN–Water ले गर्दछ।

**३. सन् २०२६ मार्च १७ मा कुन राष्ट्र विश्व स्वास्थ्य सङ्गठन (WHO) को सदस्यताबाट औपचारिक रूपमा बाहिरिएको छ?**
(क) ब्राजिल
(ख) मेक्सिको
(ग) अर्जेन्टिना
(घ) भेनेजुएला

**सही उत्तर: (ग) अर्जेन्टिना**

**४. आतङ्कवादी गतिविधि सूचकाङ्क २०२६ अनुसार नेपाल कतिऔं स्थानमा रहेको छ?**
(A) ६८ औं
(B) ७९ औं
(C) ८९ औं
(D) ९९ औं

**उत्तर: (C) ८९ औं**

**विश्व आतंकवाद सूचकांक २०२६ (World Terrorism Index 2026)**
- ✓ २०२६ मा नेपालको स्थान : ८९औं
- ✓ सार्वजनिक गर्ने संस्था: इन्स्टिच्युट फर इकोनोमिक्स एण्ड पिस (IEP)।
- ✓ प्रधान कार्यालय: सिड्नी, अष्ट्रेलिया।
- ✓ कुल देश: १६३ देशहरूको सूची प्रकाशित।

***नेपालको अवस्था र प्रगति***
- ✓ सुधारको अवस्था: सन् २०२५ मा नेपाल ६८औं स्थानमा थियो। यस वर्ष नेपालले उल्लेख्य सुधार गर्दै सुरक्षा स्थिति मजबुत भएको संकेत दिएको छ।
- ✓ आतंकवादी घटना: सन् २०२५ मा नेपालमा कुनै पनि आतंकवादी घटना वा आक्रमण नभएको रिपोर्टले उल्लेख गरेको छ।

**विश्व तथा क्षेत्रीय स्थिति: तुलनात्मक तालिका (२०२६)**

| क्र.सं | देश/क्षेत्र | २०२६ को स्थान | अवस्था/विशेष टिपोट |
|---|---|---|---|
| १. | पाकिस्तान PK | १औं | विश्वकै सबैभन्दा बढी प्रभावित देश (पहिलो पटक शीर्षमा) |
| २. | बुर्किना फासो BF | २औं | साहेल क्षेत्रको अत्यधिक प्रभावित देश |
| ३. | नाइजर NE | ३औं | उच्च जोखिमयुक्त देश |
| ४. | नाइजेरिया NG | ४औं | अफ्रिकी महादेशको प्रभावित राष्ट्र |
| ५. | माली ML | ५औं | शीर्ष ५ भित्र पर्ने देश |
| ६. | अफगानिस्तान AF | ११औं | १० वर्षपछि पहिलो पटक शीर्ष १० बाट बाहिर |
| ७. | भारत IN | १३औं | अघिल्लो वर्ष ११औं स्थानमा (सुधार), घटनामा ४३% कमी |
| ८. | म्यानमार MM | १४औं | दक्षिण पूर्व एशियाको उच्च प्रभावित देश |
| ९. | बंगलादेश BD | ४२औं | दक्षिण एशियाली औसत सुधार |
| १०. | नेपाल NP | ८९औं | उल्लेख्य सुधार (८९औं स्थानमा, २०२५ मा ६८औं थियो) |
| ११. | भुटान BT | - | शून्य आतंकवादी गतिविधि भएको देश |
| १२. | श्रीलंका LK | - | शून्य आतंकवादी गतिविधि भएको देश |

**५. विसं २०८२ फागुन मसान्तसम्मको तथ्याङ्क अनुसार नेपालको कुल सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादन (GDP) को कति प्रतिशत पुगेको छ?**
(A) ४६.८४%
(B) ४७.१३%
(C) ४९.५०%
(D) ५३.१६%

**उत्तर: (B) ४७.१३%**

- **कुल ऋण रकम:** विसं २०८२ फागुन मसान्तसम्म नेपालको कुल सार्वजनिक ऋण रु. २८ खर्ब ७८ अर्ब २९ करोड पुगेको छ।
- **ऋणको विभाजन:** कुल ऋणमध्ये आन्तरिक ऋण रु. १३ खर्ब ४८ अर्ब ११ करोड ५७ लाख (४६.८४%) र बाह्य ऋण रु. १५ खर्ब ३० अर्ब १८ करोड (५३.१६%) रहेको छ। बाह्य ऋणको हिस्सा आन्तरिकभन्दा बढी छ।
- **व्यवस्थापन निकाय:** नेपालमा सार्वजनिक ऋणको तथ्याङ्क व्यवस्थापन र अभिलेखीकरण 'सार्वजनिक ऋण व्यवस्थापन कार्यालय' (PDMO) ले गर्ने गर्दछ ।

**६. विश्व मौसम संगठन (WMO) को स्थापनाको सम्झनामा हरेक वर्ष विश्व मौसम दिवस कहिले मनाइन्छ?**
A) मार्च २२
B) मार्च २३
C) मार्च २४
D) मार्च २५

**उत्तर : B) मार्च २३**

**विश्व मौसम दिवस (World Meteorological Day)**
- ✓ **स्थापना:** सन् १९५० मार्च २३ मा विश्व मौसम संगठन (WMO) को स्थापना भएको थियो, त्यसैको सम्झनामा सन् १९६१ देखि यो दिवस मनाउन थालियो।
- ✓ **सन् २०२६ को नारा:** 'Observing Today, Protecting Tomorrow' (आजको अवलोकन, भोलिको संरक्षण)।
- ✓ **मुख्यालय:** विश्व मौसम संगठनको मुख्यालय स्विट्जरल्याण्डको जेनेभामा रहेको छ।
- ✓ **महत्व:** मौसम पूर्वानुमान, जलवायु परिवर्तनको असर न्यूनीकरण र विपद् व्यवस्थापनमा यो दिवसले जोड दिन्छ।
- ✓ **नेपालको सन्दर्भ:** नेपालमा जल तथा मौसम विज्ञान विभागले यो दिवसको नेतृत्व गर्दछ।

**७. क्षयरोग (TB) को कीटाणु पत्ता लगाउने वैज्ञानिक को हुन्, जसको सम्झनामा मार्च २४ मा यो दिवस मनाइन्छ?**
A) लुई पास्चर
B) डा. रोबर्ट कोच
C) एडवार्ड जेनर
D) अलेक्जेन्डर फ्लेमिङ

**उत्तर : B) डा. रोबर्ट कोच**

- ✓ ऐतिहासिक पृष्ठभूमि: सन् १८८२ मार्च २४ मा डा. रोबर्ट कोचले क्षयरोग लगाउने ब्याक्टेरिया (Mycobacterium tuberculosis) पत्ता लगाएको घोषणा गरेका थिए।
- ✓ सुरुवात: यो दिवस आधिकारिक रूपमा सन् १९८२ (कोचको खोजको १०० वर्ष पुगेको अवसर) देखि मनाउन थालिएको हो।
- ✓ सन् २०२६ को अन्तर्राष्ट्रिय नारा: 'Yes! We Can End TB. Led by countries. Powered by people.'
- ✓ नेपालको राष्ट्रिय नारा: 'हो! हामी क्षयरोग अन्त्य गर्न सक्छौं। राष्ट्रिय अभियान: हाम्रो योगदान।'
- ✓ नेपालको लक्ष्य: नेपाल सरकारले सन् २०५० सम्ममा क्षयरोग मुक्त नेपाल बनाउने दीर्घकालीन लक्ष्य राखेको छ।
- ✓ उपचार: क्षयरोगको उपचारका लागि DOTS (Directly Observed Treatment, Short–course) विधि अपनाइन्छ।

**८. २०८२ चैत ५ गते सम्पन्न 'जय ट्रफी मेन्स एलिट कप' क्रिकेट प्रतियोगिताको उपाधि कुन टोलीले जितेको छ?**
A) त्रिभुवन आर्मी क्लब
B) एपीएफ क्लब
C) बागमती प्रदेश
D) नेपाल पुलिस क्लब

**उत्तर : D) नेपाल पुलिस क्लब**

***जय ट्रफी मेन्स एलिट कप २०८२ (क्रिकेट)***
- **प्रतियोगिताको नतिजा:** नेपाल पुलिस क्लबले त्रिभुवन आर्मी क्लबलाई पराजित गर्दै उपाधि हात पारेको हो।
- **रोचक पक्ष:** फाइनल खेलको पहिलो इनिङमा दुवै टोलीले समान २२१ रन बनाएका थिए।
- **उत्कृष्ट खेलाडीहरू:**
  - ✓ **उत्कृष्ट बलर:** ललित राजवंशी (नेपाल पुलिस क्लब)
  - ✓ **उत्कृष्ट ब्याटर:** इशान पाण्डे (त्रिभुवन आर्मी क्लब)
- **खेलको ढाँचा:** यो प्रतियोगिता लामो ढाँचा (Multi–day format) को खेल हो। यस संस्करणमा लिग चरणका खेलहरू २ दिने र फाइनल खेल ३ दिने ढाँचामा सञ्चालन गरिएको थियो।
- **जय ट्रफीको पृष्ठभूमि:** यो ट्रफी नेपाल क्रिकेट संघ (CAN) का पूर्व अध्यक्ष जयकुमार नाथ शाहको सम्मानमा स्थापना गरिएको हो। नेपालमा घरेलु क्रिकेटको विकास र लामो फर्म्याटका खेलाडी उत्पादन गर्न यो प्रतियोगितालाई महत्वपूर्ण मानिन्छ।
- **आयोजक:** नेपाल क्रिकेट संघ (CAN)

# नागरिकसँग गरेका वाचा पूरा गर्छौं : सभापति लामिछाने

**राष्ट्रिय समाचार समिति**

*काठमाडौं, चैत्र १३ गते ।*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले नागरिकसँग गरेका वाचा पूरा गर्ने प्रतिबद्धता जनाएको छ ।

शुक्रवार वरिष्ठ नेता बालेन्द्र शाहको नेतृत्वमा सरकार गठनपछि पत्रकारसँगको संक्षिप्त प्रतिक्रिया दिँदै उनले रास्वपाको नेतृत्वमा सरकार गठन हुँदा आफूलाई गर्वको महसुस भएको र अब वाचा कार्यान्वयनतर्फ अघि बढेको बताए । उनले वाचापत्रमार्फत परिवर्तन ल्याउने बाचा नागरिकसँग गरेका स्मरण गर्दै त्यो जिम्मेवारी आफ्नो काँधमा आएको पनि बताए । उनले भने, "त्यो पूरा गर्ने दायित्व र जिम्मेवारी हाम्रो काँधमा रहेको छ, मलाई विश्वास छ हामी त्यो जिम्मेवारी पूरा गर्छौं ।"

# सात महिनामा झण्डै छ खर्बको आयात

**राष्ट्रिय समाचार समिति**

*वीरगञ्ज, चैत्र १३ गते ।*

चालु आर्थिक वर्षको सात महिनामा वीरगञ्ज नाका हुँदै पाँच खर्ब ९५ अर्ब ४६ करोड मूल्य बराबरका वस्तु तथा सामान भित्रिएका छन् ।

वीरगञ्ज भन्सार कार्यालयका अनुसार गत आवको सात महिनाको तुलनामा चालु आवको सोही अवधिमा ५८ अर्ब ९१ करोड अर्थात् ११ प्रतिशत बढी सामान भित्रिएको छ । गत आवको सात महिनामा भने पाँच अर्ब ३६ करोड ५५ करोड मूल्य पर्ने वस्तु तथा सामान यो नाका हुँदै भित्रिएको थियो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकृत उदयसिंह विष्टले यो नाका हुँदै आयात हुनेमा पेट्रोलियम पदार्थ र फलाम तथा फलामबाट बनेका सरसमानको हिस्सा उल्लेखनीय रहेको बताए ।

वीरगञ्ज हुँदै चालु आवको सात महिनामा एक खर्ब २३ अर्ब ६७ करोड मूल्य पर्ने पाँच थरिका पेट्रोलियम पदार्थको आयात भएको छ भने सोही अवधिमा ५२ अर्ब ७५ करोड मूल्य पर्ने फलाम तथा फलामबाट बनेका सामानहरुको आयात भएको छ ।

साथै ४२ अर्ब ४८ करोड मूल्य पर्ने मेसिनरी पार्टपुर्जा, ४१ अर्ब २० करोड मूल्य पर्ने भटमासको कच्चा तेल, ३० अर्ब ९१ करोड मूल्य पर्ने इलेक्ट्रिक मेसिनरी, उपकरण र पार्टपुर्जा, २८ अर्ब ५९ करोड मूल्य पर्ने मलखाद र २३ अर्ब ७१ करोड मूल्य पर्ने कपडाहरु आयात भएका छन् ।

# निजी छाडेर सामुदायिकमा विद्यार्थी, नमुना बन्दै पडरिया मावि

**राष्ट्रिय समाचार समिति**

*सिरहा, चैत्र १३ गते ।*



सिरहाको लहान नगरपालिका-१२ पडरिया थारुटोलस्थित 'माध्यमिक विद्यालय पडरिया' थारुटोलले पछिल्लो समय शिक्षाको गुणस्तर र भौतिक पूर्वाधारमा उल्लेख्य प्रगति गर्दै नमूना विद्यालयका रूपमा आफूलाई उभ्याएको छ ।

करिब एक हजार विद्यार्थी अध्ययनरत यस विद्यालयमा पछिल्लो समय निजी विद्यालय छाडेर आउने विद्यार्थीको संख्या बढ्दो छ । पुराना विद्यालयमध्येको एक भएता पनि कुनै समय यो विद्यालय विद्यार्थी र अभिभावकको रोजाइमा पर्न छाडेको थियो । प्रधानाध्यापक मनोजकुमार यादवका अनुसार केही वर्ष अघिसम्म विद्यार्थी संख्या पाँच सयको हाराहारीमा थियो ।

दुई वर्षअघि प्रधानाध्यापकको जिम्मेवारी सम्हालेका यादवले समुदाय र नगरपालिकासँगको समन्वयमा विद्यालयको मुहार फेर्ने अभियान सुरु गरे ।

"नगरप्रमुख महेशप्रसाद चौधरीको सकारात्मक सहयोग, दरबन्दी थप र अनुदान व्यवस्थापनले विद्यालयको स्तरोन्नति सम्भव भएको हो", उनले भने ।

भौतिक संरचनातर्फ विद्यालयले छोटो समयमै ठूलो फड्को मारेको छ । वि.सं. २०८० फागुन २ गते राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत प्राप्त अनुदानबाट चारकोठे भवन निर्माण सम्पन्न भएको छ । सङ्घीय सरकार र लहान नगरपालिकाको साझेदारीमा अर्को चारकोठे भवन निर्माण गरी गत मंसिरमा उद्घाटन भइसकेको छ । शुक्रवार मात्रै नगरप्रमुख महेशप्रसाद चौधरीले ३२ लाख रुपैयाँ लागतमा निर्माण हुन लागेको दुईकोठे भवनको शिलान्यास गरे । नगरप्रमुख चौधरीले सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सुधार, जनशक्ति व्यवस्थापन र शैक्षिक गुणस्तर अभिवृद्धिमा नगरपालिकाले विशेष ध्यान दिएको बताए । उनले भने, "सामुदायिक विद्यालयको भौतिक पूर्वाधारमा आमूल सुधार नगरी गुणस्तरीय शिक्षाको परिकल्पना सम्भव छैन ।" नगरप्रमुख चौधरीले 'एक कक्षा, एक शिक्षक' अवधारणा कार्यान्वयन गर्न नगरका ६० सामुदायिक विद्यालयमा १२५ जना नगर स्वयंसेवक शिक्षक परिचालन गरिएको तथा पठनपाठनलाई प्रभावकारी बनाउन विद्यार्थीहरूलाई आवश्यक शैक्षिक सामग्री उपलब्ध गराइएको जानकारी दिए । साथै, 'एक विद्यालय, एक कम्प्युटर' र 'एक कक्षाकोठा, एक पङ्खा' जस्ता कार्यक्रममार्फत आधारभूत सुविधामा लगानी बढाइएको पनि उल्लेख गरे ।

हाल नर्सरीदेखि कक्षा ९ सम्म अङ्ग्रेजी माध्यममा २४५ छात्रछात्रा र बाल कक्षादेखि १२ सम्म नेपाली माध्यममा ७०० छात्रछात्रा अध्ययनरत छन् । लहान नगरपालिकाले यस वर्षदेखि सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई कापी, पेन्सिल जस्ता शैक्षिक सामग्रीसमेत सहयोग गर्दै आएको छ । विद्यालयमा हाल २२ जना शिक्षक कर्मचारी कार्यरत छन् । यद्यपि, माध्यमिक तहमा मात्र एउटा दरबन्दी हुनु विद्यालयको मुख्य समस्या बनेको छ । "प्राविका सात जना दरबन्दीले माविलाई धानिरहेका छौँ, हामीले थप दरबन्दीको माग गरेका छौँ", प्रधानाध्यापक यादवले भने ।

वि.सं. २०१९ मा स्थापना भएको यस विद्यालयका पहिलो ब्याचका विद्यार्थी तथा हाल वडा नं. १२ का वडाध्यक्ष बद्रीनारायण चौधरी विद्यालयको प्रगति देखेर हर्षित छन् । ७० वर्षीय चौधरीले भने, "म यही विद्यालयको पहिलो ब्याचको विद्यार्थी हुँ । जुन माटोमा मैले कखरा सिकें, आज त्यही विद्यालयले यति ठूलो प्रगति गरेको देख्दा गर्व लाग्छ ।"

नगरपालिकाले दलित तथा विपन्न विद्यार्थीका लागि छात्रवृत्ति र पोषण प्याकेज जस्ता कार्यक्रम संचालन गरिरहेको छ ।

**मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं**

- मौसम तथा जलवायुसम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियममितरुपमा लिऔं,
- प्राकृतिक विपद जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
- वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
- ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं ।

वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# एसइईको तयारी पूरा: एक हजार ९६६ परीक्षा केन्द्र निर्धारण

**राष्ट्रिय समाचार समिति**

*भक्तपुर, चैत्र १३ गते ।*

राष्ट्रिय परीक्षा बोर्डले यही चैत १९ गतेदेखि सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) को तयारी पूरा भएको जनाएको छ । बोर्डले देशभरका सबै परीक्षा केन्द्रबाट बिहान ८:०० बजेदेखि एकै समयमा एसइई परीक्षा सुरु हुने जनाएको हो । चैत १९ गतेदेखि सुरु भई २९ गते सम्पन्न हुने एसइई परीक्षामा यसवर्ष पाँच लाख १२ हजार ४२१ जना विद्यार्थी सहभागी हुने कक्षा १० का परीक्षा नियन्त्रक टुकराज अधिकारीले जानकारी दिए ।

उनका अनुसार तीमध्ये नियमिततर्फ चार लाख ४१ हजार ५६६ जनाले र ग्रेड वृद्धितर्फ ७० हजार ८५५ जनाले परीक्षा दिने भएका छन् । परीक्षा दिनेमा छात्राको संख्या बढी छ । यसवर्ष दुई लाख ५७ हजार ६१३ छात्रा, दुई लाख ५४ हजार ८०१ छात्र र अन्य सात जना परीक्षामा सहभागी हुने उनले जानकारी दिए । उनका अनुसार जापानको एक परीक्षा केन्द्रबाट २३ जनाले परीक्षा दिँदै छन् ।

यता, यसवर्ष कोशीबाट ८२ हजार ४८७, मधेसबाट ९० हजार २४३, बागमतीबाट एक लाख नौ हजार ५१३, गण्डकीबाट ४३ हजार ९७२, लुम्बिनीबाट ९१ हजार ८०२, कर्णालीबाट ३९ हजार ७६९ र सुदूरपश्चिम प्रदेशबाट ५४ हजार ६३५ जना विद्यार्थी परीक्षामा सहभागी हुनेछन् ।

बोर्डले परीक्षाका लागि देशभर एक हजार ९६६ परीक्षा केन्द्र निर्धारण गरेको छ भने देशभरका ११ हजार ३७९ विद्यालयका विद्यार्थी परीक्षामा सहभागी हुने जनाएको छ । परीक्षाको सम्पूर्ण तयारी पूरा भएको परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिए ।

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनरोड बर्दिवास, महोत्तरी

044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री